INNOVATIVE RESEARCH JOURNAL VOLUME: 3 ISSUE: 2, DECEMBER, 2024

DOI: https://doi.org/10.3126/irj.v3i2.79491

खस मातृभाषी विद्यार्थीहरूको नेपाली भाषा सिकाइ

खडकबहादुर शाही

khadakshahi042@gmail.com

लेखसार

प्रस्तुत लेख खस मातृभाषी विद्यार्थीहरूको नेपाली भाषा सिकाइमा खस भाषाको प्रभावको अध्ययनमा केन्द्रित छ । यो लेख गुणात्मक अनुसन्धानअन्तर्गत परिघटनामूलक ढाँचामा आधारित छ । यसमा खस भाषा बोलिने कालीकोट जिल्लाअन्तर्गत खाँडाचक्र नगरपालिकामा रहेका तिन ओटा विद्यालयमा अध्ययनरत कक्षा आठका विद्यार्थीहरूलाई उद्देश्यमूलक नमुना छनोट विधिबाट छनोट गरी उनीहरूको उच्चारण र वर्णविन्यास (लेखाइ) मा खस भाषाले पारेको प्रभावको अध्ययन गरिएको छ । विद्यार्थीहरूलाई 'अल्पप्राण-महाप्राण' को प्रयोग, 'सघोष-अघोष' को प्रयोग, 'ए-य' को प्रयोग, शब्दमध्य र शब्दान्तमा 'ह' को प्रयोग, पञ्चम् वर्ण 'ण' को प्रयोग, 'ऋ' कार र 'र्' कारको प्रयोग भएका शब्दहरूको उच्चारण गर्न लगाई उच्चारणमा खस भाषाको प्रभाव तथा उच्चरित शब्दहरूलाई श्रुतिलेखन गराई विद्यार्थीहरूको वर्णविन्यास (लेखाइ) पनि हेरिएको छ । विद्यार्थीको उच्चारण हेर्दा विद्यार्थीहरूले महाप्राणलाई अल्पप्राण, सघोषलाई अघोष, 'ण्' पञ्चम् वर्णको 'न्' उच्चारण, शब्दमध्य र शब्दान्तमा 'ह' को लोप, ऋकार र रकारको रेफगत उच्चारण, 'र्' र 'ल्' को ध्वनि विपर्यासगत उच्चारण देखिन्छ भने उच्चारणगत प्रभाव वर्णविन्यास (लेखाइ) मा पनि देखिएको छ । यस लेखमा विद्यार्थीहरूको उच्चारण तथा वर्णविन्यासमा देखिएका विशिष्टताहरू खस भाषाका विशेषता भएकाले खस मातृभाषी विद्यार्थीहरूको नेपाली भाषा सिकाइमा खस भाषाको प्रभाव परेको निष्कर्ष निकालिएको छ । यस लेखबाट नेपाली भाषाशिक्षक, मातृभाषी तथा खस भाषी अध्येता तथा समग्र भाषाशिक्षणमा सहयोग पुग्ने अपेक्षा गरिएको छ ।

शब्दकुञ्जी : *अल्पप्राण-महाप्राण, उच्चारण, खस भाषा, ध्वनि विपर्यास, भाषा सिकाइ, वर्णविन्यास,सघोष-अघोष ।*

अध्ययनको पृष्ठभूमि

भाषा विचार आदानप्रदानको साधन हो । मानिसहरू भाषाका माध्यमबाट आफ्ना विचारहरू अरूसमक्ष पुर्‍याउँदछन्; भावनाहरू पोख्छन्; चाहनाहरू व्यक्त गर्छन् र आकाङ्क्षाहरू प्रकट गर्दछन् । "मानिसहरू भाषाका माध्यमबाट नै आ-आफ्ना विचार र अनुभूतिलाई

एकअर्कामा साटासाट गर्दछन् र आफ्ना समग्र व्यवहारहरू सम्पन्न गर्दछन्" (गौतम र भट्टराई, २०७०, पृ.१२) । भाषा विचार र अनुभूति आदानप्रदानको माध्यम र व्यवहार सञ्चालनको साधन हो । भाषाकै माध्यमबाट मानवीय व्यवहार घटित तथा सम्पादित हुन्छन् । विश्वमा मानवीय विचार विनिमयका लागि सात हजार भन्दा बढी भाषाहरू बोलिन्छन् । यी भाषाहरू मानिसले मातृभाषाको रूपमा, पहिलो भाषाको रूपमा, दोस्रो भाषाको रूपमा प्राप्ति र आर्जन गरेर जीवन व्यवहार सञ्चालन गर्दै आइरहेका छन्

नेपाल बहुभाषिक मुलुक भएकाले यहाँ एकभाषिक, द्विभाषिक र बहुभाषिक स्थिति विद्यमान छ । नेपालको जनगणना २०७८ अनुसार नेपालमा विभिन्न भाषा परिवारका १२४ वटा भाषाहरू बोलिन्छन् यिनै भाषाका माध्यमबाट विचार आदानप्रदान र ज्ञानगुन प्राप्त हुन्छ । विद्यालयमा विद्यार्थीहरू यिनै भाषाका माध्यमबाट सिक्दछन् । विद्यालय तहमा शिक्षाको माध्यमको रूपमा द्विभाषिक नीति अवलम्बन गरिएको छ । नेपालको संविधान २०७२ अनुसार आधारभूत तहसम्म मातृभाषाका माध्यमाट बालबालिकालाई शिक्षा प्राप्तिको अधिकार छ भने माध्यमिक तथा उपल्लो तहमा नेपाली र अंग्रेजी भाषाका माध्यमबाट शिक्षा प्रदान गर्ने कानुनी प्रावधान रहेको छ । विद्यालयीय तहमा बालबालिकाहरू नेपाली भाषालाई मातृभाषा, माध्यम भाषा तथा दोस्रो भाषाका रूपमा प्रयोग व्यवहार गर्दछन् । दोस्रो भाषाका रूपमा नेपाली भाषा सिक्दा बालबालिकाको पारिवारिक तथा सामाजिक वातावरण, भाषिक पृष्ठभूमिगत समानता र भिन्नताले प्रभाव पार्दछ । "दोस्रो भाषासिकाइमा पहिलो भाषाका उच्चारण प्रक्रिया, रूप एवम् वाक्य गठन, र शब्दभण्डारको उपयोगमा सधिएको शिक्षार्थीले भिन्न किसिमको उच्चारण (वर्ण गठन), रूप एवम् वाक्य गठन र शब्दभण्डार भएको नयाँ भाषालाई आफ्नो पहिलो भाषा (मातृभाषा)को प्रभाव नपरी सिक्न सकेको कमै पाइन्छ" (अधिकारी, २०६७, पृ.२४) । दोस्रो भाषाको सिकाइको क्रममा पहिलो भाषाले उच्चारणदेखि समग्र अभिव्यक्तिसम्म प्रभाव पार्दछ । दुई भाषा बिचको सामिप्यता र दूरताले दोस्रो भाषा सिकाइमा सरलता र जटिता सिर्जना गर्दछ ।

नेपालमा बोलिने पाँच भाषा परिवारका १२४ भाषामध्ये खस भाषा पनि एक हो । यो भाषा कर्णाली प्रदेशको कर्णाली अञ्चलका कालीकोट, जुम्ला, मुगु, हुम्ला र यसका आसपासका क्षेत्रमा बोलिन्छ । खस भाषामा आफ्नै किसिमको ध्वनि, उच्चारण, वर्णविन्यास, व्याकरणिक तथा अर्थ

व्यवस्थागत विशिष्टता पाइन्छ । नेपालमा बोलिने अन्य मातृभाषी विद्यार्थी जस्तै खस मातृभाषी विद्यार्थीहरू पनि नेपाली भाषालाई विद्यालय तहमा दोस्रो भाषासरह सिक्दछन् । खस मातृभाषी विद्यार्थीहरूले दोस्रो भाषासरह नेपाली सिक्दा के कस्ता सहजता र जटिलताको सामना गर्दछन् ? विद्यार्थीको नेपाली भाषा सिकाइमा उच्चारण, वर्णविन्यास, व्याकरण तथा शब्दभण्डार तहमा खस भाषाको केकति र कस्तो प्रभाव छ ? जस्ता विविध पक्षहरूको वास्तविक तथा गहन अध्ययन कमै भएको पाइन्छ । यसै सन्दर्भमा यस आलेखमा खस मातृभाषी विद्यार्थीहरूको नेपाली भाषा सिकाइमा मातृभाषाले उच्चारण र वर्णविन्यासमा पारेको प्रभावको अध्ययन गरिएको छ ।

अध्ययन विधि र प्रक्रिया

यो अध्ययन गुणात्मक अनुसन्धानअन्तर्गत परिघटनामूलक ढाँचामा आधारित छ । “फेनोमेनोलोजी अध्ययनले कुनै खास विषयमा व्यक्तिले हासिल गरेका अनुभवका आधारमा कस्तो अर्थ हुन्छ भन्ने कुराको खोजी गर्दछ” (खनाल, २०८०, पृ.८९) । परिघटनामूलक अनुसन्धानले मानिसका जीवन्त अनुभव, व्यवहारको वास्तविक परिवेशमा अध्ययन गर्दछ । गुणात्मक अनुसन्धानअन्तर्गत परिघटनामूलक ढाँचाको प्रयोग गरिएको यस अध्ययनमा कालीकोट जिल्ला खाँडाचक्र नगरपालिकाअन्तर्गत तिन ओटा आधारभूत विद्यालयका कक्षा ८ मा अध्ययनरत ६० जना खस मातृभाषी विद्यार्थीलाई उद्देश्यमूलक नमुना छनोट प्रक्रियाबाट छनोट गरिएको छ । यो अध्ययन गुणात्मक प्रकृतिको तथा अध्यतालाई मातृभाषाका रूपमा खस भाषा बोल्ने विद्यार्थीहरूको जानकारी तथा अध्यता स्वयम् खस मातृभाषी भएकाले उद्देश्यमूलक नमुना छनोट विधिको प्रयोग गरिएको हो । यस अध्ययनमा खस मातृभाषी विद्यार्थीहरूलाई ‘अल्पप्राण-महाप्राण’, ‘सघोष-अघोष’, ‘क्ष’ र ‘छे’, ‘ण’ र ‘न’, ‘ऋ’ कार र ‘र’ कार , ध्वनि लोप, ध्वनि विपर्याय जस्ता क्षेत्रका दशदश ओटा शब्दहरू सेतोपाटीमा टिपी उच्चारण गर्न लगाइयो । विद्यार्थीहरूको उच्चारणलाई मोबाइलमा रेकर्ड गरियो । उच्चारणपश्चात् तिनै शब्दहरूलाई श्रुतिलेखन गराई तथ्य सङ्कलन गरियो । रेकर्ड गरिएको र श्रुतिलेखन सामग्रीलाई पुनः कापीमा लिप्यान्तरण गरियो । लिप्यान्तरण गरिएको सामग्रीलाई उच्चारणगत प्रभाव र त्यसले वर्णविन्यास (लेखाइ) मा पारेको प्रभावलाई खस भाषाका विशेषताका आधारमा वर्णनात्मक तथा विशेषणात्मक पद्धति अपनाई विश्लेषण गरिएको छ ।

खस भाषाको परिचय र सैद्धान्तिक अवधारणा

खस भारोपेली परिवार अन्तर्गतको पर्ने भाषा हो । यो भाषा कर्णाली अञ्चलमा बोलिन्छ । “खसभाषा प्राचीन तथा मध्यकालीन सपादलक्ष्यशिखरी खस साम्राज्यको राज भाषा हो । अन्य भारोपेली जस्तै खस भाषाको जननी भाषा पनि संस्कृत भाषा नै हो” (देवकोटा र अन्य, २०७७, पृ.१३८) । खस भाषा खस साम्राज्यको सरकारी कामकाजको भाषा, जनसम्पर्कको भाषा, खसहरूको बोलीचालीको भाषाको रूपमा अस्तित्वमा थियो । “कर्णाली प्रदेशको आमभाषा खस भाषा वा प्राकृत भाषा हो ” (सुवेदी, २०५४, पृ.५१) । प्राचीन कालमा खस भाषालाई खस कुरा पनि भनिन्थ्यो । यसलाई समयका विभिन्न काल खण्डमा फरक-फरक नामले चिनाइयो । “विगत ७०० वर्ष जति अघिदेखि पश्चिम नेपालको पहाडी भूभागमा बसोबास गर्ने खस जातिका (ब्राह्मण, क्षत्रिय, वैश्य, शुद्र) सबैले बोल्दै आएको भाषालाई इतिहासका विभिन्न कालखण्डमा विभिन्न नामले बोलाइन्थ्यो । यसको सबैभन्दा पुरानो नाम ‘खस भाषा’ या ‘खस कुरा’ हो भनिन्छ ” (आचार्य, २०७१, पृ.२५९) । प्राचीनकालीन तथा मध्यकालीन खसहरूले बाल्ने भएकाले यसलाई खस भाषा भनिएको हो । खस भाषाको उत्पति खसान (कार्णाली ?) क्षेत्रमा भएको हो । पोखरेल (२०५५, पृ.२६) का अनुसार नागराज खसान क्षेत्रमा प्रवेश गर्दा खस प्राकृत र खस अपभ्रंशबाट सिंजाली, कुमाउनी, गढवाली भाषाहरू जन्मिएका थिए । पछि यही भाषाले खस साम्राज्यको राज भाषाको मान्यता पायो । सरकारी कामकाजको मान्यता प्राप्त गर्‍यो । खसहरूले बोल्ने भएकाले यसलाई खस भाषा भनिएको हो । यो खस जातिसँग जोडिएको भाषा हो । “खस भन्नासाथ खस जातिको सम्झना हुनु स्वाभाविक छ” (पोखरेल, २०५५, पृ. २७) । यो खसहरूको जातिसँग जोडिएर नामङ्कित भएको भाषा हो । राजा दामुपालको ‘दुल्लु शिलालेख’ (१०३८), अशोक चल्लको (१३१२) को ‘ताम्रापत्र’, अक्षय मल्लको (१३३७) को विनायकको ‘शिलालेख’, ‘बाजपरीक्षा’, भास्वतीको ‘राजा गगनीराजको यात्रा’, लक्ष्मी नरसिंह मल्लको ‘शिलालेख’ ‘ज्वरोत्पत्ति चिकित्सा’ (१७०० तिर) जस्ता शिलालेख, ताम्रपत्र (सिजापति, २०५४, पृपृ. ९१-९२) खस भाषाका प्राचीन तथा मध्यकालीन भाषिक अभिलेखहरू हुन् । यिनै अभिलेखमा खसभाषा र खस भाषाका विशेषताहरू सुरक्षित छन् ।

प्राचीन तथा मध्यकालीन समयमा कर्णाली खस साम्राज्यको राजभाषा तथा यस क्षेत्रको बोलीचाली भाषाको रूपमा रहेको खस भाषालाई खस साम्राज्यको विगठनसँगै पर्वते, पहाडिया,

गोर्खाली भाषाका रूपमा नामकरण गरियो । आचार्य (२०७१ : २५९) काअनुसार नेपाली भाषाको नाम त सन् १८२० मा जे.एन. एटनले *ए ग्रामर अफ द नेपालीज् ल्याङ्ग्विज्* भन्ने नेपाली व्याकरण लेखे पछाडि खस भाषालाई नेपाली भाषा भन्न थालियो । पृथ्वीनारायण शाहले थालनी गरेको नेपाल एकीकरणको अभियानसँगै खसभाषाले फैलिने र विस्तार हुने मौका पायो भने अर्कातिर यसको नाममा पनि परिवर्तन गरियो । नेपालको एकीकरणसँगै खस भाषाले, पर्वते, पहाडिया, गार्खाली जस्ता नाम धारण गर्‍यो । यससँगसँगै यस भाषालाई नेपाली भाषाका रूपमा चिनाउन तथा चिनिन थालियो । खस भाषाबाट विकसित भएकाले प्रारम्भमा नेपालीलाई पनि खस भाषाकै नाममा लिइएको पाइन्छ (गौतम र चौलागाईं, २०७०, पृ. ३८७) । नेपाली भाषालाई प्राचीनकालमा खस भाषा भनिएको नभई खस भाषालाई आधुनिक कालमा नेपाली भाषा भनिएको हो भन्दा उपयुक्त हुने देखिन्छ ।

पछिल्ला समयमा भाषाविद् तथा भाषा अध्यताले खस भाषालाई नेपाली भाषा भनेर अध्ययन अनुसन्धान गरेको पाइन्छ । अँझ खस भाषालाई नेपाली भाषाको केन्द्रीय, माझाली, पश्चिमी भाषिकाको रूपमा सीमितीकरण गरी अध्ययन अनुसन्धान गरिएका छन् । पोखरेल (२०५५) ले नेपाली भाषाका भाषिकाभित्र पुर्बेली, माझाली, ओरपश्चिमा, मझपश्चिमा र परपश्चिमा भाषिकाहरू उल्लेख गरी खस भाषालाई माझाली भाषिकाभित्र राखेका छन् । उनले माझाली वर्गभित्र असिदराली, तिब्रीकोटी, हुम्ली रास्कोटी, गम्की उपभाषिकाहरू रहेको उल्लेख गरेका छन् । उनले स्वरमध्यगत ‘ड्’, एवम् ‘ढ्’ ध्वनि माझालीमा रकारीभूत नभई पश्चिमा वर्गहरूमा झैँ चडो (चरी) बड् (वरको रुख) पड्नु, (पढ्नु) सुरक्षित रहने, प्रारम्भमा ‘र्’ अथवा ‘ल्’ ध्वनि महाप्राणीभूत जस्तै हाइनु (निन्नु) ल्हुनी (लौनी) हुने ,परवर्ती स्वर मध्यगत ‘ह्’ ध्वनि लोप हुँदा पूर्ववर्ती ग्,ज्,ड्,द्,व्, ध्वनिहरू जस्तै (भौती-बहुत) (जहान-झान) महाप्राणीभूत हुने, ‘र्’ र ‘ल्’ ध्वनिमा विपर्यास जस्तै: बादल-बाल्द, क्षेत्री-क्षेर्ती, बाखो -बार्खो आदि हुने, ‘छ’ क्रियाको भूतकालमा ‘थिया’, ‘थियो’, ‘थिई’ का, सट्टा क्रमशः ‘छियो’, ‘छिया’, ‘छिई’ हुने जस्ता विशेषताहरू माझाली भाषिकामा वैशिष्ट्यहरू पाइने उल्लेख गरेका छन् । सिजापति (२०५४) ले नेपाली भाषाका भाषिका उल्लेख गर्ने क्रममा यस भाषालाई केन्द्रीय वा जुम्ली भाषिका भनी उल्लेख गरेका छन् । उनले जुम्ली भाषिकाका असीदरा, चौधविस, सिंजाली, गुम्की, मुगाली, खत्याडी, रिपेली, रास्कोटी र तिब्रीकोटी गरी जम्मा नौ ओटा उपभाषिका उल्लेख गरेका छन् ।

गौतम (२०४९) ले नेपाली भाषाका भाषिकाअन्तर्गत पुर्वेली, माझ्काली, ओरपश्चिमा, मझपश्चिमा, परपश्चिमा गरी पाँच ओटा भाषिका राखेका छन् । उनले माझ्काली भाषिकाअन्तर्गत सिंजाली, असिदराली, चौधबिसे, गुम्की, मुगाली, हुम्ली, रास्कोटी, तिब्रीकोटी उपभाषिकाहरू उल्लेख गरेका छन् । स्वरमध्यगत 'ह्' ध्वनिको लोपपछि अघिल्ला ग्,ज्,द्,छ्,ब् ध्वनिहरू क्रमशः घ्,झ्,ढ्,ध्,भ् मा परिवर्तन (जस्तैः बाहिर-भाइर, जहान-झान, गहत-घत, बहर-भर) हुने, शब्दादिका केही 'ल्', तथा 'र' ध्वनिहरू क्रमशः 'ल' तथा 'ह्' मा परिवर्तन (नौनी-ल्हुनी, रोटी-ह्रोटी, लामो -ल्हामो) हुने, पछाडिको 'स्' ध्वनिको कहीँकहीँ 'ह्' ध्वनिमा परिवर्तन (जस्तै सल्यान-हल्यान, सुकिलो -हुकिलो आदि) हुने, स्वरमध्यगत 'ड्' ध्वनिको पुर्वेलीमा जस्तो 'र्' ध्वनिमा परिवर्तन नभई 'ड्' ध्वनि मै रहिरहने र कतिपय 'र्' ध्वनिको समेत 'ड्' ध्वनिमा परिवर्तन (जस्तैः कुहिरो -कुइडो, फ्याउरो -फ्याड्डो, खोर -खोड) हुने, स्वरमध्यगत संयुक्ताक्षरका रूपमा आउने 'स्' ध्वनिको 'इ' मा परिवर्तन र त्यससँग आएका अल्पप्राणका ठाउँमा महाप्राण (जस्तैः उसको-उइखो, कसको - कइखो, अष्टमी-ऐठमी, शास्त्र-हाइपर) ध्वनिमा परिणत हुने, वर्तमानकालीन क्रिया 'छ' ले भूतकालको काम गर्ने (जस्तैः थियो-छियो, थिया-छिया, थि-छि), संस्कृतमा झै सामान्य वर्तमानकालमा कृदन्तीय क्रियाको प्रयोग हुने, (जस्तैः खान्छ-खानो छ, जान्छ-जानो छ) जस्ता विशेषताहरू माझ्काली भाषिकामा पाइने उल्लेख गरेका छन् । बन्धु (२०७८) ले कर्णालीको भाषामा माघ-माग, आन्द्रो -आन्नो, नुहाउनु-न्हाःनु, झिगो -झिङ्गो, टाउको -खोरो, पातलो -पाल्तो, थियो -छियो, यी-इ, बालक-बालो, लुगा-टालो, जस्ता विशेषताहरू पाइने तथ्य उल्लेख गरेका छन् ।

लामिछाने (२०६३), ढुङ्गेल र दाहाल (२०६६), न्यौपाने र अन्य (२०६७), र गौतम र चौलागाईं (२०७०) काअनुसार माझ्काली (खस) भाषिका स्वरमध्यगत लोप पछि ग्, ज्, ड्, द्, व्, ध्वनि घ्, झ्, ढ्, ध्, म् ध्वनिका परिवर्तित हुने, शब्दादिको 'स्' ध्वनि 'ह्' मा परिवर्तन हुने (जस्तैः सुकिलो-हुकिलो, ससुरा-स्हुरा), कही 'र्' र 'ल्' ध्वनिमा ध्वनि विपर्यास (जस्तैः क्षत्री-छेर्ती, एक्लै-एल्खै) हुने, र ध्वनि 'ड्' ध्वनिका रूपमा रहने (जस्तैः चरो-चडो, कुइरो-कुइडो) वर्तमानकालीन सहायक क्रिया 'छ' भूतकालको प्रयोगमा पनि 'छ' नै रहने (जस्तैः छियौँ-थियौ, छी-थी) स्वरमध्यमा संयुक्ताक्षरका रूपमा आउने 'स्' ध्वनि 'इ' मा परिवर्तन हुने (जस्तैः

कसको-कइको, त्यसको-त्यइको) जस्ता विशेषताहरू पाइन्छन् । भाषाविद्हरूले नेपाली भाषाका भाषिकाका रूपमा उल्लेख गरेको माझाली, केन्द्रीय, सिंजाली, जुम्ली, खस कुरा नै खस भाषा र यिनका विशेषता नै खस भाषाका विशेषताहरू हुन् ।

प्राचीन तथा मध्यकालीन समयमा प्रचलित खस भाषा विभिन्न कालखण्डमा आउँदा विभिन्न नामले चिनियो, चिनाइयो तथा भाषिकामा सीमितीकरण गरियो । नेपालको जनगणना (२०७८) का अनुसार नेपालमा बोलिने १२४ भाषाहरूमध्ये खस भारोपेली अन्तर्गतको भाषा हो । यो कालीकोट, जुम्ला, मुगु, हुम्ला र यसका आसपासको क्षेत्रमा बोलिन्छ । यसका ११७५११ वक्ताहरू रहेका छन् ।

परिणाम र छलफल

कर्णाली खस भाषाको उद्गम तथा प्रयोग थलो हो । यो भाषा कर्णाली तथा यसका आसपासका क्षेत्रमा बोलिन्छ । खस कर्णालीका आबालबृद्धवनिताको मातृभाषा हो । मातृभाषाका रूपमा खस भाषा बोल्ने विद्यार्थीहरू विद्यालयमा नेपाली भाषालाई दोस्रो भाषासरह सिक्दछन् । यस अध्ययनमा कर्णाली प्रदेशअन्तर्गत कालीकोट जिल्ला खाँडाचक्र नगरपालिकामा रहेका विद्यालयमा अध्ययनरत खस मातृभाषी विद्यार्थीहरूले विद्यालय तहमा नेपाली भाषा सिकाइको क्रममा खस भाषाको उच्चारण तथा वर्णविन्यास (लेखाइ) मा पारेको प्रभावलाई अध्ययन विश्लेषण गरिएको छ । यस आलेखमा खस भाषाका विशेषतालाई मूल सिद्धान्तका रूपमा लिई विद्यार्थीहरूको उच्चारण र वर्णविन्यासलाई दुई ओटा उपशीर्षकमा तल विश्लेषण गरिएको छ :

उच्चारणमा खस भाषाको प्रभाव

उच्चारण भाषाको बोलाइसँग सम्बन्धित पहिलो तथा महत्वपूर्ण पक्ष हो । उच्चारणमा अशुद्धि भयो भने बोलाइमा अस्पष्टता हुने, अर्थको अनर्थ लाग्ने, बोलाइमा अशोभनीय हुने जस्ता सम्भावनाहरू रहन्छन् । बोलाइलाई स्पष्ट, अर्थपूर्ण र प्रभावकारी बनाउनका लागि उच्चारणमा शुद्धता र स्पष्टता हुन आवश्यक छ । विद्यार्थीले भाषा सिक्ने भाषिक भिन्नताका कारणले उच्चारणमा प्रभाव पार्दछ । “कथ्य वा मौखिक भाषामा स्थानीयताको प्रशस्त प्रभाव रहन्छ । वक्ता जुन सामाजिक भौगोलिक वातावरणको हो । सोहीअनुसारको भाषिक रङ्गबाट उसको मौखिक भाषा केही न केही रूपमा रञ्जित हुन्छ” (अधिकारी, २०७६, पृ.६६) । भिन्न भाषिक पृष्ठभूमि तथा वातावरणले विद्यार्थीहरूको उच्चारणमा प्रभाव पर्दछ ।

खस मातृभाषी विद्यार्थीहरूको शब्दगत उच्चारणलाई हेर्दा महाप्राण वर्ण घ,झ,द,ध,भ लाई अल्पप्राण ग,ज,ड,द,ब वर्णका रूपमा उच्चारण गरेको पाइयो । उनीहरूले 'साझा' लाई 'साजा', 'बाघ' लाई 'बाग', 'बाढी' लाई 'बाडि', 'पढ्नु' लाई 'पड्नु', 'आधा' लाई 'आदा', 'बाधा' लाई 'बादा', 'प्रभाव' लाई 'पर्बाव्', 'टाढा' लाई 'टाडा' उच्चारण गरेको पाइयो । महाप्राण ध्वनि उच्चारणका क्रममा अल्पप्राणका रूपमा उच्चारण हुनु खस भाषाको विशेषता हो । खस मातृभाषी विद्यार्थीहरूले उपर्युक्त महाप्राण वर्ण प्रयोग भएका शब्दलाई अल्पप्राण वर्णका रूपमा उच्चारण गरेकाले विद्यार्थीहरूको उच्चारणमा खस भाषाको प्रभाव परेको देखिन्छ ।

विद्यार्थीहरूलाई सघोष वर्ण प्रयोग भएका शब्दलाई उच्चारण गराउँदा उनीहरूले सघोष वर्णलाई अघोष वर्णका रूपमा उच्चारण गरेको पाइयो । उनीहरूले 'लोग्ने' लाई 'लोक्ने', 'सबै' लाई 'सप्पै', 'किताब' लाई 'किताप्', 'खुबै' लाई 'खुपै', 'बेवकुफ' लाई 'बेकुप्', 'ठग्नु' लाई 'ठक्नु', 'ढाग्नु', लाई 'ढाक्नु', उच्चारण गरे । सघोष वर्णलाई अघोष उच्चारण गरिनु तथा सघोष वर्णहरू अघोष वर्णमा परिवर्तन हुनु खस भाषाको वैशिष्ट्य हो । यस्तो विशिष्टता विद्यार्थीको उच्चारणमा देखा परेकाले विद्यार्थीको भाषिक उच्चारणमा खस भाषाको प्रभाव देखिन्छ । अझ विद्यार्थीको स्वतन्त्र बोलीमा यस्तो प्रभाव बढी देखिन्छ ।

विद्यार्थीलाई 'ह' वर्ण प्रयोग भएका शब्दहरू उच्चारण गराउँदा 'ह' वर्णको पूर्ण उच्चारण नगरी यसको लोप गरेर उच्चारण गरेको पाइयो । विद्यार्थीहरूले 'महाराज' लाई 'माराज्', 'सहमति' लाई 'समति', 'सहयोग' लाई 'सयोग्', 'साहु' लाई 'साउ', 'महासचिव' लाई 'मासचिप्', 'सही' लाई 'सइ', 'केही' लाई 'केइ', 'कोही' लाई 'कोइ', 'त्यहीँ' लाई 'तेइ', 'दही' लाई 'दइ', 'मोही' लाई 'मोइ', 'कारबाही' लाई 'कारबाइ', 'सहयोगी' लाई 'सयोगि', 'गोही' लाई 'गोइ', 'सहायता' लाई 'सायता', 'साहित्य' लाई 'साइत्ते', 'बहिष्कार' लाई 'बइस्कार', उच्चारण गरेको पाइयो । विद्यार्थीको उच्चारणलाई हेर्दा शब्दमध्य र शब्दान्तमा आउने 'ह' वर्ण उच्चारणमा जटिलता उत्पन्न भई उच्चारण लोप भएको देखिन्छ । शब्दान्तमा 'ई'कार र 'उ'कारसँग आउने 'ह' वर्ण लोप भएर 'इ' र 'उ' मात्र उच्चारण गरेको देखिन्छ । शब्दमध्य र शब्दान्तमा 'ह' वर्ण लोप हुने विशिष्टता खस भाषामा पाइन्छ । शब्द उच्चारणको क्रममा विद्यार्थीहरूले 'ह' वर्णको लोप गरेर उच्चारण गरेको हुँदा विद्यार्थीहरूमा मातृभाषाको प्रभाव परेको देखिन्छ ।

विद्यार्थीहरूलाई 'ऋ' र 'र' वर्ण प्रयोग भएका शब्दहरू उच्चारण गर्न लगाउँदा ऋकार र रकारलाई रेफमा उच्चारण गरेको पाइयो । 'कृपाया' लाई 'किर्पाया', 'बृद्धि' लाई 'बिर्धि', 'प्राण' लाई 'परान्', 'प्रसाद' लाई 'पर्साद्', 'प्रकार' लाई 'पर्कार्', 'ग्रह' लाई 'गरह', 'पर्‍यो' लाई 'पर्यो', 'गर्‍यो' लाई 'गर्यो', 'प्रमुख' लाई 'पर्मुख्', 'प्रशस्त' लाई 'पर्सस्त', 'प्रस्तुति' लाई 'परस्तुति', 'प्रवेश' लाई 'पर्वेस्', 'प्रदेश' लाई 'पर्देस्', 'प्रस्थान' लाई 'परस्थान्', जस्ता उच्चारणमा रेफको प्रयोग गरेको पाइयो । यसका साथसाथै 'ण' वर्ण प्रयोग भएका शब्दहरू उच्चारण गर्न लगाउने विद्यार्थीहरूले 'ण' वर्णको ठाउँमा 'न' वर्णको उच्चारण गरेको पाइयो । विद्यार्थीहरूले 'गणेश' लाई 'गनेस्', 'निर्माण' लाई 'निर्मान्', 'प्राण' लाई 'परान्', 'प्रणाम' लाई 'पर्नाम्' उच्चारण गरेको पाइयो । ऋकार र रकार रेफमा बदलिएर उच्चारण हुनु तथा 'ण' वर्ण 'न' वर्णका रूपमा उच्चारण हुनु खस भाषाका उच्चारणगत विशिष्टता हो । यो विशिष्टता विद्यार्थीहरूको उच्चारणमा देखिनु खस भाषाको प्रभाव हो भन्न सकिन्छ ।

विद्यार्थीको उच्चारणमा केही ध्वनि विपर्यासका विशेषताहरू पनि देखिन्छन् । विद्यार्थीहरूले उच्चारण गर्दा 'बाख्रो' लाई 'बार्खो', 'खस्रो' लाई 'खर्सो', 'तेस्रो' लाई 'तेर्सो', 'पातलो' लाई 'पाल्तो', 'बाख्लो' लाई 'बाल्खो', 'कसले' लाई 'कल्ले', 'तित्रो' लाई 'तिर्थो' का रूपमा उच्चारण गरेको पाइन्छ । यसै गरी शब्दमा प्रयोग भएको व्यञ्जन वर्ण 'य' लाई स्वर वर्ण 'ए' का रूपमा उच्चारण गरेको पाइयो । 'भय' लाई 'भए', 'जय' लाई 'जए', 'महोदय' लाई 'मोदए', 'कतिपय' लाई 'कतिपए', 'विजय' लाई 'विजए', 'पूजनीय' लाई 'पुजनिए', 'आदरणीय' लाई 'आदर्निए', 'समय' लाई 'समए' का रूपमा उच्चारण गरेको पाइयो । उच्चारणका क्रममा ध्वनि विपर्यास हुनु र 'य' अर्धस्वरलाई 'ए' अर्धस्वरका रूपमा उच्चारण गरिनु खस भाषाको विशेषताभित्र पर्दछ । यी र यस्तै किसिमका विशेषताहरू विद्यार्थीको उच्चारणमा देखिनु भाषागत प्रभाव देखिन्छ ।

वर्तमानकालीन क्रिया 'छ' ले भूतकालीन क्रिया 'थी' को काम गर्नु र 'स' वर्ण 'स्ह' वर्णका रूपमा प्रयोग हुनु खस भाषाका विशेषता हुन् । खस भाषाका 'थियो', 'थी', 'थिन्', 'थिइस्', 'थियौँ', 'थियौ', जस्ता भूतकालीन क्रिया र 'सक्यो', 'सकियो' शब्द उच्चारण गराउँदा यी शब्दहरूको उच्चारणमा वर्तमानकालीन क्रियाको उच्चारण गरेको पाइएन । यसका साथै 'स' वर्णलाई 'स्ह' 'ह्' वर्णको रूपमा उच्चारण गरेको भने पाइएन तर भूतकालको क्रियापदको प्रयोग गरी विद्यार्थीसँग कुराकानी गर्दा वर्तमानकालीन क्रिया 'छ' लाई भूतकालका विभिन्न

क्रियाका रूपमा प्रयोग उच्चारण गरेको पाइयो । विद्यार्थीहरूमा ‘सक्यो’ लाई ‘स्ह्क्यो’, ‘सकियो’ लाई ‘स्ह्कियो’, जस्ता उच्चारणगत विशेषताहरू बोलाइ (कुराकानी) का क्रममा विद्यमान रहेकाले विद्यार्थीहरूको भाषा सिकाइ (उच्चारण) मा खस भाषाको प्रशस्त प्रभाव देखिन्छ ।

वर्णविन्यास (लेखाइ) मा खस भाषाको प्रभाव

भाषामा प्रयुक्त वर्णहरूलाई मिलाएर लेख्ने कार्यलाई वर्णविन्यास भन्ने गरिन्छ । वर्णविन्यास भाषाको लेखाइ सिपसँग सम्बन्धित पक्ष हो । वर्णहरूको उचित रखाइक्रम वा मिलाउने काम वर्णविन्यास हो । “वर्णविन्यास लेख्य भाषासँग सम्बन्धित प्रक्रिया हो र लेख्य भाषामा प्रयोग हुने शुद्ध, स्पष्ट र स्तरयुक्त लिपि स्वरूप हो” (शर्मा र पौडेल, २०६८, पृ.३९७) । वर्णविन्यासले लिप्यात्मक भाषामा शुद्धता, सुस्पष्टता र स्तरीयता कायम गर्दछ । विद्यार्थीहरूको भाषिक पृष्ठभूमि, उच्चारण अवयव, संवेग, वातावरण आदि जस्ता विविध पक्षले वर्णविन्यासमा प्रभाव पार्दछन् । यस अध्ययनमा उच्चारणको क्रममा अभ्यास गराइएका शब्दहरूलाई अध्यताले उच्चारण गरी खस मातृभाषी विद्यार्थीहरूलाई श्रुतिलेखन गराई उनीहरूको उच्चारणको वर्णविन्यास (लेखाइ) मा के-कति प्रभाव पर्‍यो भनी विश्लेषण गर्ने प्रयास गरिएको छ ।

सहभागीका रूपमा छनोट गरिएका विद्यार्थीहरूलाई महाप्राण ध्वनि प्रयोग भएका ‘साझा’, ‘बाघ’, ‘बाढी’, ‘पढ्नु’, ‘आधा’, ‘बाधा’, ‘प्रभाव’, ‘टाढा’, जस्ता शब्दहरूको श्रुतिलेखन गराउँदा विद्यार्थीहरूले कमश: ‘साजा’, ‘बाग’, ‘बाडी’, ‘पड्नु’, ‘आदा’, ‘बादा’, ‘टाडा’, लेखेको पाइयो । यसरी खस मातृभाषी विद्यार्थीहरूको उच्चारणगत प्रभाव लेखाइमा पनि परेको देखियो । त्यसैगरी ‘ऋ’ ‘र’ प्रयोग भएका ‘कृपाया’, ‘कृष्ण’, ‘प्रकार’, ‘प्रयोग’, ‘ग्रह’, ‘पर्‍यो’, ‘गर्‍यो’, ‘मर्‍यो’, ‘प्रदेश’, ‘प्रशस्त’, ‘प्रवेश’ शब्दको श्रुति लेखन गराउँदा विद्यार्थीहरूले कमश: ‘किर्पाया’, ‘किरिस्न’, ‘पर्कार’, ‘पर्योग’, ‘गरह’, ‘पर्यो’, ‘गर्यो’, ‘मर्यो’, ‘परदेस’, ‘परशस्त’, ‘पर्वेस’ शब्दहरू लेखेको पाइयो । ऋकार र रकारलाई रेफ प्रयोग अधिकांश विद्यार्थीको लेखनमा भेटियो । विद्यार्थीको लेखनमा भेटिएको ऋकार र रकारका ठाउँमा रेफको प्रयोगले खस भाषाको उच्चारणगत प्रभाव वर्णविन्यासमा पनि देखिन्छ । पञ्चम वर्ण ‘ण’ प्रयोग भएका ‘प्रमाण’, ‘प्रणाम’, ‘प्राण’, ‘गणेश’, ‘निर्माण’, ‘कल्याण’, शब्दको श्रुतिलेखन गराउँदा विद्यार्थीहरूले ‘पर्मान’, ‘पर्नाम’, ‘परान’, ‘गनेश’, ‘निर्मान’, ‘कल्यान’ लेखेको पाइयो भने अर्धस्वर ‘य’ प्रयोग भएका ‘भय’, ‘जय’, ‘कतिपय’, ‘पूजनीय’, ‘महोदय’, ‘आदरणीय’, ‘समय’ शब्दको श्रुतिलेखन गराउँदा

'भए', 'कतिपए', 'महोदए' शब्द लेखेको पाइयो भने 'आदरणीय', 'पूजनीय', 'समय' जस्ता बढीभन्दा बढी अभ्यस्त भएका शब्दहरूमा भने उच्चाराणको प्रभाव परेको देखिएन । पञ्चम वर्ण 'ण' प्रयोग भएका र तालव्य 'य' प्रयोग भएका शब्दहरूको श्रुतिलेखन गराउँदा लेखनमा कम अभ्यस्त भएका शब्दहरूमा उच्चारणको प्रभाव परेको पाइयो । यस्तो उच्चारणको प्रभाव लेखनका क्रममा देखिनुलाई पनि भाषिक पृष्ठभूमिको प्रभाव मान्न सकिन्छ ।

विद्यार्थीलाई सघोष वर्ण प्रयोग भएका 'लोग्ने', 'सबै', 'किताब', 'खुबै', 'ठग्नु', 'ढाग्नु', 'बेकुफ' शब्दहरू श्रुतिलेखन गराउँदा क्रमश: 'लोक्ने', 'किताप', 'ठक्नु', 'ढाक्नु', 'बेकुप' लेखेको पाइयो भने 'सबै' र 'खुबै' शब्दको श्रुतिलेखन शुद्ध पाइयो । यसमा पनि उच्चारण र प्रयोग अभ्यस्तताको प्रभाव देखिन्छ । शब्दमध्य तथा शब्दान्तमा 'ह' वर्ण प्रयोग भएका 'महाराज', 'सहमति', 'साहु', 'सही', 'कहीं', 'कोही', 'केही', 'कारवाही', 'सहयोगी', 'सहायता', 'साहित्य', 'बहिष्कार', 'दही', 'मोही', 'गोही', शब्दको श्रुतिलेखन गराउँदा 'साउ', 'कोइ', 'दई', 'मई', 'सायता', 'कारबाई', 'गोई', लेखेको पाइयो । 'सहमति', 'सही', 'केही', 'साहित्य', 'बहिष्कार' शब्दहरूको श्रुतिलेखन शुद्ध गरेको पाइयो । यसमा प्रयोग अभ्यस्तता भएका शब्दहरूको श्रुतिलेखनमा कम त्रुटि गर्नु र लेखन व्यवहारमा कम प्रयोग हुने शब्दहरूमा उच्चारण प्रभाव देखिनु खस भाषाको सुस्पष्ट प्रभाव देखिन्छ ।

विद्यार्थीहरूले ध्वनि विपर्यास उच्चारण गरेका शब्दहरू 'बाख्रो', 'तेस्रो', 'दोस्रो', 'तित्रो', 'पातलो', 'बाख्लो', 'खस्रो', 'कसले' शब्दहरूको श्रुतिलेखन गराउँदा 'बार्खो', 'तेर्सो', 'तिर्तो', 'पाल्तो', 'बाल्खो', 'खर्सो' शब्दहरू लेखेको पाइयो भने कसले र दोस्रो शब्दको शुद्ध लेखन पाइयो । ध्वनि विपर्यासका रूपमा उच्चारण गरिएका शब्दहरूमा प्रयोग अभ्यस्तता र उच्चारणगत प्रभाव देखियो । यस्तो प्रभाव पनि प्रकरान्तर रूपमा भाषिक पृष्ठभूमिकै प्रभाव मानिन्छ । विद्यार्थीलाई वर्तमानकालीन 'छ' क्रियाका 'छ', 'छन्', 'छिन्', 'छस्', 'हुन्छन्', 'हुन्छ', र भूतकालीन धातु 'थ्' का 'थियो', 'थिए', 'थिई', 'थिस', 'थियौं', 'थियौ', जस्ता क्रियापदको श्रुतिलेखन गराउँदा भने बोलाइ तथा उच्चारणमा जस्तो वर्तमानकालीन क्रियापद 'छ' को प्रयोग भूतकालमा गरेको पाइएन । यसको लेखनभन्दा कथ्य भाषामा बढी प्रयोग व्यवहार गरेको पाइयो । यसका साथै 'स' लाई उच्चारण गर्दा 'स्हः' 'ह' को प्रयोग पनि लेखनका क्रममा

देखिएन । विद्यार्थीहरूले 'सय', 'सकियो', 'सक्यो', 'सुत्यो' जस्ता शब्दहरूको श्रुतिलेखन गराउँदा शुद्ध लेखन गरेको पाइयो ।

यसरी विद्यार्थीलाई उच्चारण अभ्यास गराइएका शब्दहरूको श्रुतिलेखन गराउँदा उच्चारणको थोरबहुत प्रभाव भने वर्णविन्यासमा परेको देखियो । प्रयोग व्यवहारमा अभ्यस्त भएका शब्दहरूको लेखनमा उच्चारणको कम प्रभाव देखियो भने लेखन अभ्यासमा कम प्रयोग हुने शब्दहरूको श्रुतिलेखनमा उच्चारणको प्रभाव बढी देखियो । कथ्य रूप नै भाषाको जीवन्त पक्ष भएकाले कथ्य रूप (उच्चारण) को वर्णविन्यास (लेखन) मा प्रभाव देखिनु भाषिक पृष्ठभूमिको प्रभाव कायम रहनु हो ।

निष्कर्ष र प्राप्ति

खस भाषा प्राचीन तथा मध्यकालीन सपादलक्ष्यशिखरी खस साम्राज्यको राज भाषा हो । समयक्रमअनुसार यसले बिचबिचमा पहाडिया, पर्वते, गोर्खाली, नेपाली जस्ता नाम धारण गर्न पुग्यो । प्राचीन तथा मध्यकालीन विराटता प्राप्त गरेको खस कुरा (भाषा) भाषिकामा समेत सीमीत हुन पुग्यो । नेपालको जनगणना २०७८ पश्चात् खस कुराले भाषाको दर्जानी प्राप्त गर्‍यो । यो कर्णाली अञ्चल र यसका आसपासका क्षेत्रमा बोलिदै आएको छ । खस मातृभाषी विद्यार्थीहरू विद्यालयमा नेपाली भाषा दास्रो भाषासरह सिक्दछन् । विद्यार्थीहरू नेपाली भाषा सिक्ने क्रममा खस भाषाको विशेष गरी उच्चारण र वर्णविन्यास (लेखाइ) मा बढी प्रभाव परेको पाइन्छ । विद्यार्थीहरूले उच्चारण गर्दा महाप्राण ध्वनिलाई अल्पप्राण, सघोष ध्वनिलाई अघोष, शब्दमध्य र शब्दान्तमा 'ह' को लोप, पञ्चम 'ण' वर्णलाई 'न' रूपमा उच्चारण, ध्वनि विपर्यासगत उच्चारण, ऋकार र रकारको रेफगत उच्चारण, अर्धस्वर 'य' को 'ए' उच्चारण गरेको देखिन्छ । यस्तो उच्चारणगत विशेषता खस भाषाका विशेषता भएकाले विद्यार्थीहरूको उच्चारणमा खस भाषाको प्रभाव देखिन्छ भने यो प्रभाव वर्णविन्यास (लेखाइ) मा पनि अंशत: विद्यमान छ । खस मातृभाषी विद्यार्थीहरू उच्चारण र वर्णविन्यास (लेखाइ) क्षेत्रमा यस्ता पक्षहरू देखिनु भाषिक पृष्ठभूमिको प्रभाव तथा भाषागत विशिष्टता पनि हो ।

सन्दर्भ सामग्री सूची

अधिकारी, हेमाङ्गराज (२०६७), *नेपाली भाषा शिक्षण,* विद्यार्थी पुस्तक भण्डार ।

आचार्य,जयराज (२०७१), *भाषा विज्ञानको सैद्धान्तिक विमर्श,* मकालु प्रकाशन गृह ।

खनाल, पेशल (२०८०), *शैक्षिक अनुसन्धान पद्धति,* सनलाइट पब्लिकेसन ।

गौतम, देवीप्रसाद (२०४९), *नेपाली भाषा परिचय,* साझा प्रकाशन ।

गौतम, देवीप्रसाद र चौलागाइँ, प्रेमप्रसाद (२०७०), *भाषाविज्ञान,* पाठ्यसामग्री प्रकाशन ।

ढुङ्गेल, भोजराज र दाहाल, दुर्गाप्रसाद (२०६६), *सामान्य र प्रायोगिक भाषा विज्ञान,* काठमाडौँः एम. ए के.पब्लिसर्स एन्ड डिस्ट्रिब्युटर्स ।

देवकोटा र अन्य (सम्पा) (२०७७), *कालीकोटको सम्पदा र संस्कृति,* सामाजिक विकास कार्यालय ।

नेपाल सरकार, *नेपालको संविधान* (२०७२), नेपाल सरकार ।

नेपाल सरकार, *नेपालको जनगणना* (२०७८), तथ्याङ्क विभाग ।

न्यौपाने, टंकप्रसाद र अन्य (२०६७), *सामान्य भाषाविज्ञान,* सनलाइट पब्लिकेसन ।

पोखेल, बालकृष्ण (२०५५), *राष्ट्रभाषा,* साझा प्रकाशन ।

बन्धु, चूडामणि (२०७८), *भाषा (कर्णाली लोक संस्कति ४),* हिमाल किताब प्रा.लि. ।

बन्धु, चूडामणि (२०७३), *भाषाविज्ञान,* साझा प्रकाशन ।

लामिछाने, यादव प्रकाश (२०६३), *सामान्य र प्रायोगिक भाषाविज्ञान तथा नेपाली भाषा,* विद्यार्थी पुस्तक भण्डार ।

शर्मा, केदारप्रसाद र पौडेल, माधवप्रसाद (२०६८), *नेपाली भाषाशिक्षणका सन्दर्भहरू,* विद्यार्थी पुस्तक भण्डार ।

सिजापति, रामवित्रम (२०५०), *जुम्ली भाषिकको वर्णनात्मक अध्ययन,* (अप्रकाशित विद्यावारिधि शोधप्रबन्ध) त्रि.वि ।

सिजापति, रामवित्रम (२०५४), *भाषाशिक्षा,* साझा प्रकाशन ।

सुवेदी, राजाराम (२०५४), *कर्णाली प्रदेशको मध्यकालीन इतिहास,* साझा प्रकाशन ।